वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४३ अंक १७७ | २०८१ कात्तिक २६ गते सोमबार, नेपाल सम्वत् ११४५ November 11, 2024 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**कोदो टिप्दै महिला** : लमजुङ बैंसीसहर नगरपालिका-७ स्थित चण्डीडाँडामा कोदो टिप्दै महिला । लोप हुँदै गएको कोदो खेती लमजुङका किसानले हालसम्म ३० प्रतिशत टिपेर सकिएको छ ।

*तस्बिर : जनक श्रेष्ठ/रासस*

# जिल्लामै उत्पादित विद्युत् वितरण सुरू

**रासस**/लमजुङ

लमजुङमा आइतबारदेखि जिल्लामै उत्पादित विद्युत् वितरण सुरू भएको छ । नेपाल विद्युत् प्राधिकरण लमजुङ वितरण केन्द्रले मर्स्याङ्दी करिडोरको उदीपुरस्थित २२०/१३२/३३ केभी सबस्टेसनबाट जिल्लामा विद्युत् वितरण सुरू गरेको हो ।

विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उदीपुर सबस्टेसनसहित जिल्लाका अन्य प्रसारण लाइनको निरीक्षणपछि उदीपुर सबस्टेशनबाट विद्युत् वितरण सम्भव रहेको जनाएसँगै आजदेखि जिल्लामै उत्पादित वितरण सुरू गरिएको वितरण केन्द्रका प्रमुख मेघनाथ भट्टराईले जानकारी दिनुभयो ।

यसअघि जिल्लामा दमौलीबाट आउने ३३ केभी प्रसारण लाइनबाट विद्युत् वितरण हुँदै आएको थियो । "यहाँ उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोडिएर पुनः लमजुङ आउन ६० किमी दुरी पार गर्नुपर्ने थियो ।

उदीपुरस्थित सबस्टेसनबाट वितरण भएसँगै अब दुई किमी दुरी पार गर्नुपर्ने हुन्छ । यसले करिब ५८ किमी क्षेत्रको विद्युत्मा समस्या हुँदा लमजुङमा आपूर्ति बन्द हुने समस्या अन्त्य हुनेछ", केन्द्रका प्रमुख भट्टराईले भन्नुभयो ।

दमौलीबाट वितरण हुँदा अन्य ठाउँमा भएका समस्याले जिल्लामा विद्युत् आपूर्ति बन्द हुने गरेको थियो ।

अहिलेसम्म दमौलीको लाइनका कारण लमजुङमा विद्युत् आपूर्तिमा अवरोध हुन्थ्यो । यहाँ उत्पादित विद्युत् जडान गरेपछि विद्युत् ट्रिपिङ (झ्याप्प झ्याप्प बिजुली जाने) को समस्या धेरै हदसम्म न्यूनीकरण हुने केन्द्र प्रमुख भट्टराईले बताउनुभयो ।



# पाँच जिल्लाका सात सय उद्योगको अनुगमन

**भञ्ज्याङ समाचारदाता**/दमौली

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय दमौलीले पाँच जिल्लामा अनुगमन कार्य गर्दै आएको छ । दमौलीमा रहेको कार्यालयले तनहुँसहित, लमजुङ, गोरखा, नवलपुर र मनाङमा नियमित रूपमा अनुगमन गर्दै आएको छ ।

उक्त कार्यालयले एक वर्षको अवधिमा पाँचवटा जिल्लाका सात सय ६६ उद्योग, पसल तथा होटलको अनुगमन गरेको छ । पाँच जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले गत आर्थिक वर्षमा खाद्य तथा दाना उद्योग, होटल रेष्टुरेण्ट, व्यापारिक पसललगायतमा अनुगमन गरेको हो । कार्यालय प्रमुख ज्योति आचार्यका अनुसार उक्त अवधिमा तीन सय ५५ खाद्य तथा दाना उद्योग, एक सय ८८ खाद्य उद्योग, एक सय ८५ होटल रेष्टुरेण्ट, ३८ वटा पानी, तेल, जुस, डेरी उद्योगमा अनुगमन गरिएको छ । अनुगमनका क्रममा म्याद नाघेका, सडेगलेका गरी रू नौ लाख बराबरको सामग्री नष्ट गरिएको छ ।

उक्त आर्थिक वर्षमा ऐन, नियमबमोजिम सङ्कलित एक सय नमूनाको हालसम्म प्राप्त विश्लेषण प्रतिवेदनमा नौवटामा कैफियत पाइएको प्रमुख आचार्यले जानकारी दिनुभयो । त्यसमध्ये एउटा दूषित, तीनवटा न्यूनस्तर, एउटा ढाटी, भ्रुक्याइ र चारवटा लेबलमा कैफियत रहेको प्रमाणित भएको उहाँले बताउनुभयो । उहाँका अनुसार उक्त अवधिमा २१ उजुरी गुनासो सम्बोधन गरिएको छ । कार्यालयले जिल्ला प्रशासन कार्यालय तनहुँबाट रू दुई लाख, जिल्ला प्रशासन कार्यालय लमजुङबाट पानी उद्योगलाई रू ५० हजार जरिवाना र विभिन्न तीन होटल, रेष्टुरेण्टलाई रू १० हजारका दरले रू ३० हजार जरिवाना गरिएको छ । आचार्यका अनुसार नवलपुरको गैँडाकोट नगरपालिकाबाट एउटा होटललाई रू पाँच हजार जरिवाना गरिएको छ ।

कार्यालयले खाद्य ऐन, नियमविरूद्ध गुणस्तरहीन खाद्य पदार्थ उत्पादन गर्ने सात उद्योगविरूद्ध मुद्दा दर्ता गरेको छभने विभाग मातहतका अन्य कार्यालयमा ३१ वटा मुद्दा प्रेषित गरिएको आचार्यले उल्लेख गर्नुभयो ।

कार्यालयले तनहुँ जिल्ला अदालतमा दूषित खाद्य पदार्थ उत्पादनसम्बन्धी एक, नवलपुर जिल्ला अदालतमा न्यूनस्तर खाद्य पदार्थ उत्पादनसम्बन्धी तीन र जिल्ला प्रशासन कार्यालय लमजुङमा लेबलमा कैफियत तथा

बाँकी अन्तिम पेजमा

## सम्पादकीय .........



# एकीकृत घुम्ती शिविर

मुलुकमा अहिले तीन तहको सरकार सञ्चालनमा छन् । संघ, प्रदेश र स्थानीय सरकारले आ–आफ्नो क्षेत्रानुसार काम गर्दै आएका छन् । सिंगदरबारको अधिकारी जनताको घरदैलोमा पुऱ्याउने उद्देश्यका साथ मुलुकलाई संघीय संरचनामा लगिएको हो । मुलुकका तीन तहका सरकार मध्ये जनताको नजिकको र घरदैलोको सरकारका रूपमा स्थानीय तहलाई लिने गरिन्छ । जनताका आधारभूत आवश्यकताको परिपूर्ति र सरकारको सेवा सहज रूपमा प्रदान गर्ने दायित्व स्थानीय सरकारको हो । यही दायित्वलाई पुरा गर्न अहिले स्थानीय सरकारले पनि आ–आफ्नो क्षेत्राधिकार भित्रका काम कारवाही अगाडि बढाएका छन् । तनहुँका चार नगरपालिका र छ गाउँपालिकाले वडावडा, टोलटोलसम्म पुगेर जनताका समस्या समाधान गर्दै सेवा प्रवाह समेत गर्दै आएका छन् । जिल्लाको म्याग्दे गाउँपालिकाले वडा तथा टोलटोलमा घुम्ति शिविर सञ्चालन गरी आफ्नो सेवा जनताको घरदैलोमै पुगेर प्रवाह गर्दै आएको छ । गाउँपालिकाको यो कार्यक्रमले विशेष गरी ग्रामीण क्षेत्रका जनतालाई ठूलो राहत पुगेको छ । परिचयपत्र बनाउनका लागि पनि दिनैमारेर गाउँपालिकाको कार्यालय धाउनुपर्ने अवस्थाका नागरिकको घरआँगनमै पुगेर सेवा दिंदा अहिले जनताको घरमै सरकार आएको अनुभूति गर्न पाएका छन् । घरदैलोमा नै ज्येष्ठ नागरिक परिचयपत्र पाउँदा ज्येष्ठ नागरिकहरू खुसी छन् । गाउँपालिकाको कार्यालयसम्म पुगेर परिचयपत्र बनाउन नभ्याएकाहरूलाई घरदैलोमा नै ज्येष्ठ नागरिक परिचयपत्र बनाउने तथा नवीकरण गर्ने सेवा दिइएको छ । गाउँपालिकाले घुम्ति शिविरमा व्यवसाय दर्ता, जन्मदर्ता, डिजिटल घर नम्वर प्लेट, ज्येष्ठ नागरिक कार्ड, उपभोक्ता समितिसँगको सम्झौता, स्वास्थ्य शिविर, महिलाहरूको पाठेघर जाँच, परिवार नियोजन सम्वन्धी जानकारी, रक्तचापको जाँच, कृषि वीउ विजनका वितरण, पशुको गोवर परिक्षण, क्रयास्टेशन क्षयरोग स्कृनिङ, सुगर परीक्षण, पोषण सेवा, भिआईए स्कृनिङ सेवा तथा परामर्श लगायतका सेवा प्रदान गरेको छ ।

गाउँपालिकाले यसरी घर आँगनमै आएर सेवा प्रवाह गरेपछि ग्रामीण क्षेत्रका बासिन्दाको समयको वचत भएको छ । जनतालाई घरदैलोमै सेवा दिने उद्देश्यसहित गाउँपालिकाले गत दुई हप्ता अगाडिबाट एकीकृत घुम्ती शिविर सञ्चालन गरेको थियो । जनतालाई गाउँघरमै सेवा दिने उद्देश्यसहित गाउँपालिकाका सम्पूर्ण सेवा घरदैलोमै पुऱ्याउने प्रयास गाउँपालिको गरेको छ । जनता सधैँ वडा र पालिकामा आउने नभई पालिका पनि जनताको घरमा जानुपर्छ भन्ने उद्देश्यसहित एकीकृत शिविर आयोजना गरिएको थियो । स्थानीय सरकार जनताको घरमा पुग्नुपर्छ भन्ने मान्यतासहित यो शिविर सुरू गरिएको जनप्रतिनिधिले बताउने गरेका छन् । घरदैलोमा जाँदा आम जनतासँग साक्षात्कार पनि हुने र समस्या पनि सुन्न पाइने हुँदा यस्ता शिविर उपलब्धी मुलक हुनुका साथै सर्वसाधरण नागरिकले सहज रूपमा सेवा लिन पनि अवसर मिल्छ । घरदैलोमै गएर सेवा प्रदान गर्दा जनतामा खुसी छाएको छ । जनताप्रति उत्तरदायी बनाउन यस्ता कार्यक्रम उपलब्धी मुलुक हुन्छन् । घुम्ती शिविरमार्फत कृषि, पशु, स्वास्थ्य, घरनक्सा, पञ्जीकरणलगायतका सेवा प्रदान गरिएको छ । विषयगत शाखा अन्तर्गतका योजना सम्झौता, सुझाव तथा परामर्श सेवा, स्वास्थ्य, आयुर्वेद शाखा अन्तर्गत सामान्य स्वास्थ्य परीक्षण, उपचार व्यवस्थापन, परामर्श तथा औषधि वितरण, क्षयरोग स्क्रिनिङ, मधुमेह, पोषण सेवा, भिआइए स्क्रिनिङ, कोभिड विरूद्धको खोप प्रदान गरिएको छ । कृषि शाखा अन्तर्गत हिउँदे बालीको बीउ वितरण, विषादी वितरण, फार्म दर्तासम्बन्धी आवश्यक कागजातको जानकारी, अनुदान सम्बन्धी जानकारी तथा माग संकलन, पशु सेवा शाखाअन्तर्गत गोबर परीक्षण एवं औषधि वितरण, प्रशासन शाखाअन्तर्गत व्यवसाय दर्ता तथा विभिन्न विषयमा जानकारी प्रदान गरिएको छ । पञ्जीकरण शाखा अन्तर्गत विभिन्न किसिमका घटना दर्ता तथा सामाजिक सुरक्षासम्बन्धी सेवा, महिला तथा बालबालिका शाखा अन्तर्गत ज्येष्ठ नागरिक परिचयपत्र र अपाङ्गता परिचयपत्र वितरण, घरनक्सा शाखा अन्तर्गत निःशुल्क घर नम्बर प्लेट वितरण गरिएको छ । अन्य पालिकाले पनि यस्तै सेवा ग्रामीण क्षेत्रसम्म पुऱ्याउने सके सर्वसाधारणलाई सेवा लिन सहज हुने देखिन्छ ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २१२१/०७३/७४
पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई
Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# प्रकोपसँगै बाँच्न सिकौं

विश्वमणि पोखरेल

नेपालको सामाजिक, राजनीतिक परिवेशलाई छोटो शब्दमा अर्थ्याउनुपर्‍यो भने भन्ने गरिन्छ 'मनसुन र भनसुनले चलेको देश ।' यो वर्ष मनसुनको याम अन्त्य नेपालबाट बिदा भएको छ । सामान्यतया प्रत्येक वर्ष जेठ दोस्रो सातादेखि अशोज दोस्रो सातासम्म नेपाललगायतका दक्षिण एशियाली देशमा मनसुनका बादल छाउँछ र त्यसले वर्षा गराउँछ । नेपालको प्रमुख बाली धान यसै मनसुनी वर्षात्मा रोपिन्छ । धान, मकै, कोदोलगायतका बालिनालीका लागि अमृत सरह जल दिने मनसुनी बादल हाम्रो कृषि अर्थतन्त्रका लागि बरदान मानिन्छ । हुन त मनसुनमा परेको प्रशस्त पानीले बाढी, पहिरो निम्त्याउँछ । मनसुनका छ महिना बाढी, पहिरोको उच्च जोखिमको समय पनि हो । एकातिर बरदान अर्कोतर्फ बर्बादी दुबै क्षमता राख्दछ मनसुनले । मनसुनी वर्षाको ठेगान हुँदैन, कहिले खडेरी पर्दछ, कहिले अतिवृष्टि हुन्छ, कहिले खण्डबृष्टि हुन्छ ।

समग्रमा भन्नुपर्दा मनसुन राम्रो अर्थात किसानको हितकारी भयो भने धान राम्रो फल्छ । अन्य बालिनाली, बोट बनस्पतिलाई पोषक बन्दछ । अहिले पनि मुलुकको ठूलो भूक्षेत्र आकासेपानीको भरमा रहेकाले आमकिसान र मनसुनसँगको नाता गहिरो छ । यही मनसुन यस वर्ष अभिशाप बनेर गएको छ । मनसुन अघिल्ला वर्षहरूभन्दा केही समय लम्बियो । मनसुन र पश्चिमबाट आउने बादल मिसिएर अशोजमा १० गतेदेखि १२ गतेसम्म मनसुनले वितण्डा मच्चायो । बाढी, पहिरोमा परी २४६ को ज्यान गयो, १८ बेपत्ता छन्, १७८ जना घाइते भएको सरकारी रेकर्ड छ ।

भनसुनबाट चलेको देश भन्ने उक्ति भने सरकारी सेवा प्रवाहसँग जोडिन्छ । नेपाली समाजमा लामो समयदेखि भनसुनबाट काम हुने परम्पराबाट ग्रस्त बनेको छ । सामान्य प्रशासनिक काम कारवाहीदेखि न्यायिक सम्पादनसम्ममा भनसुनको प्रभाव प्रबल देखिन्छ । भनसुनबाट काम हुनु भनेको नियम कानूनले दिएका नागरिक अधिकार गौण हुनु हो, कुण्ठित, खण्डित हुनु हो । भनसुनबाट काम हुनु भनेको चिनाजानी, नातागोता, माथिल्लो तहको निर्देशन, आदेश तथा प्रभाव, पहुँच, आर्थिक सौदाबाजी जे पनि हुनसक्छ । नेपालको प्रशासनिक वृतमा जरो गाडेको भनसुन प्रवृति सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक राजनीतिक व्यवस्थामा आइपुग्दा पनि नियन्त्रण हुनुको विपरीत झनझन विस्तारित भैरहेको देखिन्छ ।

अब मनसुनलगायत प्रकोपका कुरा गरौं । जब प्रकोपको कुरा आउँछ, हामी आफैँले आफैँलाई सोध्नुपर्ने प्रश्नहरू सामुन्ने आउँछन् । हामी कहाँ छौँ, कस्तो ठाउँमा बसेका छौँ ? उत्तर सरल छ, हामी चलायमान हिमालयको काखमा छौँ, जसको चञ्चलता करोडौं वर्षदेखि जारी छ । हिमालय उचालिने क्रम रोकिएको छैन । दक्षिण भिरालो परेर हिमालय, महाभारत श्रृङ्खला, चुरे र तराईको मैदानमा फैलिएको नेपाल, हामीले आफ्नै निधारबाट डोरी तानेर बुढी औंलामा जोड्यौँ भने जस्तो भिरालो बन्दछ, त्यस्तै भूखण्डमा छौँ । आजभन्दा पाँच करोड २० लाख वर्ष अघिसम्म अहिलेको हिमाल थेथिस महासागरको गर्भमा थियो । प्रत्येक वर्ष औसत पाँच सेन्टिमिटरको दरले हिमालय उचालिइरहेको भूगर्भवेत्ताहरूको कथन छ । यस हिसाबले सर्वोच्च शिखर सगरमाथा निकै अग्लो पो हुनुपर्ने हो । तर उच्च भिरालोका कारण क्षणीकरण तीव्र हुँदै आयो, मनसुनमा हुने अधिक वर्षाले खियाउँदाखियाउँदै अहिलेको सगरमाथा आठ हजार आठ सय ४८ मिटरको उचाइमा सिमित हुन पुगेको हो ।

यसबाट हामी के भन्न सक्छौं विश्वको सर्वोच्च शिखर सगरमाथा भूक्षणीकरण भएर बाँकी रहेको खण्ड नै सर्वोच्च शिखर कहलिएको हो ।हामी भूकम्पका हिसावले उच्च जोखिममा छौँ । गोरखा भूकम्प, जाजरकोट भूकम्पले सबक सिकाइसकेको छ । बाढी, पहिरो हाम्रो नियति नै हो । वर्षेनी औसत २८० जनाको बाढी, पहिरोबाट मृत्यु हुन्छ । यसपालि औसतभन्दा झण्डै दोब्बर बढीको मृत्यु नै भएको मानिन्छ । हामी जोखिमबीच छौँ, चुरे, महाभारत, उच्च हिमाल सबै मन्द गतिमा उचालिने क्रममा छन् । हिउँद्मा चिसो, ठण्डी, वैशाखपछि अशोजसम्म गर्मी त्यो सँगै मध्य जेठपछि असोजसम्मको मनसुन वर्षा अनि बाढी, पहिरो हाम्रा नियति हुन् ।

हामी जस्तो भूखण्डमा बसेका छौँ, प्राकृतिक हिसाबले जस्तो खतरामा छौँ, त्यहीँ अनुसारका पूर्वाधार विकास अख्तियार गर्नुपर्‍यो । जस्तो प्रकृति छ, त्यसै अनुसारको जीवनयापन अंगाल्नुपर्यो । प्रकृती माथि जथाभावि गर्दा प्रकृतिलाई सह्य भएन, यस पटक विस्फोट भयो र सबैभन्दा बढी मानवीय र भौतिक क्षति राजधानी उपत्यकामै भयो । यसबाट हाम्रा नीति निर्माणको तहमा बसेकाहरूलाई झस्काएको हुनुपर्ने हो, तीनै तहका सरकार सचेत हुनुपर्ने हो । निश्चय पनि छोटो समयमा मुलुकभरि धेरै पानी पर्‍यो, अघिक वर्षा भयो । के यो वर्ष मात्रै यति ठूलो वर्षात् भएको हो त ? काठमाडौंमा मौसम रेकर्ड राख्दा ५४ वर्षयता रेकर्ड भएको अधिक वर्षा भयो, २४१ मिलिलिटर । २०५० सालमा धादिङ्, मकवानपुरमा अहिलेको भन्दा धेरै पानी वर्षिएको होइन र ? मौसमको १०, २०, ३०, ४०, ५० र १०० वर्षको साइकलको अनुमानमा आधारित भएर पूर्वाधार विकासका काम गर्नुपर्ने हो, वैज्ञानिक तरिका यही हो । काठमाडौं उपत्यकामा पोहोर, परार पनि बाढी आएको थियो । खोला किनाराका बस्तीहरू डुबाएको थियो । यसपालि धेरै आयो । राजधानी उपत्यकामै ३४ जनाको मृत्यु भयो ।

मौसम विभागको रेकर्डमा २२ वर्षअघि काठमाडौं विमानस्थलमा १७७ मिलिलिटर पानी परेको थियो, यसपालि करिव २४० मिलिलिटर वर्षियो । त्यस्तै ललितपुरको लेलेमा सन् २००२ मा २०० मिलिलिटर पानी परेको थियो भने यसपटक ३२३ वर्षियो । अब प्रश्न पानी नै धेरै पर्‍यो हामीले थाम्न नसक्ने गरी परेको हो त ? हाम्रो प्रकोप व्यवस्थापकीय क्षमताभन्दा ठूलो चुनौती आएको हो ? एकैपटक मुलुकका धेरै स्थान प्रकोपमा परेको अवस्थामा हामीले त्यति धैरै क्षममा राखेका रहेनछौँ भन्नै स्पष्ट भयो । यो सँगै मानवीय, भौतिक र प्राविधिक क्षमताको कुरा गर्दा हामी जस्तो मुलुकमा छौँ, त्यस अनुसारको तयारी गरेका रहेनछौँ भन्ने कुरा यो पटक अझ छर्लङ्ग भयो, अघिल्ला वर्षहरूका सङ्केत र अनुभवबाट हामीले सिकेका रहेनछौँ ।

सन् १९९० मा नेपालले संयुक्त राष्ट्र सङ्घको प्राकृतिक प्रकोप न्यूनीकरण दशक मनायो । त्यसैबेलादेखि प्रकोपमा काम गर्ने बेग्लै निकायको आवश्यकता ठानिएको थियो र सरोकारवालाहरूले वकालत पनि गर्दै आएका हुन् । तर गृह मन्त्रालय, दैवी प्रकोपको सोचबाट मुक्त हुन नसकेको उदाहरण राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको गठनले स्पष्ट गरेको छ । गृहमा पहिला प्रकोप न्यूनीकरण र व्यवस्थापन दैवीप्रकोप शाखा थियो, पछिल्लो समय त्यसलाई महाशाखा बनाइयो र २०७६ मा गठन भएको प्राधिकरण पनि गृह मन्त्रालयकै मातहतको एउटा अड्डा बन्न पुगेको छ । खासमा गृह मन्त्रालय शान्ति, सुरक्षासँग सम्बन्धित चासो राख्ने निकाय हो । विपतको समयमा तत्काल, राहत र उद्धारमा प्रहरी, सशस्त्र प्रहरी र सेना आआफ्नो हिसाबले सक्रिय हुन्छन् नै । विपदपछि र विपदअघिको प्राविधिक, व्यवस्थापकीय, समन्वयात्मक र स्रोत परिचालनजस्ता मामला गृह मन्त्रालयका प्रशासकहरूबाट हुनसक्ने कुरा भएन ।

अनुसन्धानको काम कसले गर्ने ? सरकारका खानी विभाग, शहरी विकास विभाग, सिँचाइ विभाग, सडक विभागमा प्राविधिक जनशक्ति छन् र ती निकायमा अध्ययनका ठेली पनि छन् । त्यस्तै त्रिभुवन विश्वविद्यालय भूगर्भ शास्त्र अध्ययन विभागमा पनि शैक्षिक जनशक्ति र स्रोत सामाग्री छन् तर ती स्रोत, साधनको उपभोगबारे गम्भीर जवाफदेही कसैको पनि देखिन्न । अब कुरा गरौँ, राजधानी उपत्यकाको । गत असोज १०–१२ को दुई दिनको वर्षा र बाढीबाट काठमाडौं, ललितपुर र भक्तपुरमा ३४ जनाको मृत्यु भयो, जनजीवन तहसनहस भएको थियो । काठमाडौँ उपत्यका मुलुकको राजधानी हो ।

उपत्यकामा दुई महानगरपालिका छन् । भौतिक विकासका संरचना बनाउँदा प्रकोपलाई ध्यानमा राखेर १०, २०, ३० जस्तै ५०, १०० वर्षको मौसमी चक्रलाई ध्यानमा दिने गरिनु पर्ने हो । भूकम्प, बाढी, पहिरो, डुबानलगायतका प्रकोपलाई ध्यानमा दिएर मात्र संरचनाहरू निर्माण हुनुपर्ने हो । तर, त्यस्तो भयो होला त ? उपत्यकामा बग्ने सबैजसो खोला किनारामा सडक बनाइएको छ, पर्खाल लगाएर नदीलाई नियन्त्रणमा लिइएको छ । दुबैतर्फ बाटो खोल्दा कम्तिमा १०, १२ मिटर जमिन खोलाबाट खोसियो । खोलाको बगर मिचियो, खोला किनारामा बस्ती बसे । ठूलो पानी पर्दा खोला भरियो, बस्ती, सहर बजारमा पानी पस्यो, डुबान भयो । दोषी पानी, प्रकृती कि हाम्रो विकास नीति ? गम्भीर विवेचना गर्नुपर्ने

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
निर्णायक कार्य गर्ने समय छ। पेसा–व्यवसायमा पनि केही लगानी र पूर्वाधार तयार पार्ने समय छ।

**वृष**
बुद्धिको उपयोगले लक्ष्यनजिक पुग्न सकिनेछ। अध्ययनमा गुरूजनको मार्गदर्शन प्राप्त हुनेछ।

**मिथुन**
अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ। बेहोसीले नोक्सान पुर्याउन सक्छ।

**कर्कट**
पछि लाभ हुने काम गर्न सकिनेछ। अर्थअभाव खट्किनाले चिताएको काम पूर्ण नहुन सक्छ।

**सिंह**
दाजुभाइमा असमझदारी बढ्न सक्छ। जिम्मेवारी थपिए पनि सहयोगीहरु पछि हट्नाले दुख पाइनेछ।

**कन्य**
प्रगतिमा ईर्ष्या गर्नेहरूले अवरोध पुर्याउन सक्छन्। नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला।

**तुला**
व्यवसायमा सामान्य लाभ हुनेछ तर सोचेको दाम नउठ्न सक्छ। प्रतिस्पर्धीलाई कमजोर नठान्नुहोला।

**वृश्चिक**
काम बन्नाले मनग्य आम्दानी भित्र्याउने अवसर प्राप्त हुनेछ। महिनेतले सम्मानित स्थान दिलाउनेछ।

**धनु**
कला, गला र अभिव्यक्तिले धेरैको मन जित्ने समय छ। सानो प्रयत्नले जीवनशैलीमा परिवर्तन आउनेछ।

**मकर**
तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरु बढ्नेछन्। विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ।

**कुम्भ**
रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला। आकर्षक उपहारले उत्साह जगाउनेछ।

**मीन**
आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ। बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ।

## प्रकोपसँगै...

समय हो यो ।

खोला किनाराबाट बाटो बनाउने इन्जिनीयरहरूले कुनै भूगर्भविद्सँग परामर्श गरेका होलान् ? सायद गरेनन् । असोजको बाढी, डुबानको क्रममा मेडिसिटी अस्पताल र किस्ट मेडिकल कलेज डुवानमा परे । त्यहाँका बिरामीहरूलाई अन्यन्त्र सार्नुपऱ्यो । प्रकोपको समयमा अस्पतालहरूकै उद्धार गर्नुपर्ने भयावहता आएको थियो त ? होइन, खोलाको किनारामा अस्पताल निर्माण गर्ने स्वीकृति कसरी, कसले दिए ? खोजबिन हुन आवश्यक छ र तिनीहरू कारवाहीका भागिदार हुनुपर्दछ । भैंसेपाटीको मेडिसिटी खोलाको बगरमा छ, किस्ट मेडिकल कलेजमा संरचना कर्मनासा खोलाको वारिवारी छन् । यी संरचनाको वातावरणीय प्रभाव मूल्याङ्कन इआइए) कसले तयार गरेको हो ? खोजी गर्नुपर्ने विषय हो ।

उपत्यकामा बाढी, डुबानको कुरा गर्दा यहाँ बग्ने खोलाहरूको प्रकृतिलाई उच्च ध्यान दिनुपर्ने थियो । अन्धाधुन्ध आवास, आवासअनुसार बाटाघाटा र खानेपानीको चरम अभाव उपत्यकाको विशेषता थिए । उपत्यकाका खोलाहरू सबै जमिनमुनिको पानी पुर्नभरण भएर बग्ने हुन् । कुनै पनि खोला हिउँ पग्लेर बग्ने होइनन् । शहरीकरणले एकातिर वर्षात्को पानी जमिनमुनि प्रवेश हुने प्रक्रियालाई नराम्री बिथोल्यो, अर्कोतर्फ खानेपानीका लागि अन्धधुन्ध जमिनको पानी निकालियो । जमिनबाट लिने काम मात्र भयो दिने काम भएन । जमिनमुनिको पानीको सतह तलतल झर्दै गयो, खोलाहरू पनि हिउँदमा सुक्न थाले । खोलाका बगर मिचिनु, पोखरी र ढुङ्गेधाराहरू मासिनुको परिणाम वर्षात्मा परेको पानी जमिनमुनि पस्न पाएन ।

यसपालि जमिनले सोस्नसक्ने जति पानी सोसी सकेको थियो र लगातारको अधिक वर्षा थेग्न सकेन । वर्षात्को पानी बगेर सबै खोलमा पुग्यो । ढल, नालाबाट घरघरको पानी पनि सोझै खोलामा पुग्यो । खोलाहरू भरिभराउ भैसकेपछि ढलनालाको पानी बग्न पाएन, जताबाट आएको हो उतै फर्किन बाध्य भयो । उपत्यकाका कतिपय स्थानमा यस्तै प्रकृति देखियो । आवास क्षेत्र र सडकको नालालाई सोझै खोलामा मिसाउनु हुँदैन भन्ने आवाज पुरानो हो । खोलाको बगर मिचिए, पर्खाल लगाएर साँगुऱ्याएपछि सिमित ठाउँबाट खोला बग्न थाले । खोलाले आफैँले बगाएर ल्याएका माटो, ढुङ्गा बालुवा थुपार्दै गयो ।

एकातिर काठमाडौं उपत्यकाका सबैजसो खोलाहरूको चौडाई मिचेर सिमित गरिएको छ भने अर्कोतर्फ खोला आफैंले आफ्नो गहिराई पुर्दै आयो । परिणाम, खोलाहरूले आफ्नो क्षमता जति पानी पनि बगाउन, बोक्न, अटाउन सकेनन् । काठमाडौं उपत्यकाका खोलाहरू नागबेली आकारमा बग्न पाउनु प्राकृतिता हो । हामीले सडकहरू सोझ्याउने विकास नीति अख्तियार गऱ्यौं, त्यसको दुष्परिणाम भोग्दैछौं ।प्रकोप न्यूनीकरणको प्रभावकारी कार्यान्वयन हाम्रो आवश्यकता हो । यसका तीन वटा पक्ष छन् । प्रकोपपूर्वको तयारी, पुनर्स्थापना र राहत तथा उद्धार । हामी राहत तथा उद्धारको काममा केही जिम्मेवार देखिएका छौँ । यसपटक पनि सरकारले सक्दो प्रयास गरेको हो । तर, प्रकोप बारेको अध्ययन, तयारी र पुर्नस्थापनजस्ता विषयको जिम्मेवारी लिने निकायको अभाव देखिन्छ । प्रकोपमा काम गर्ने संस्थाहरूबीच समन्वय गर्ने परिपाटीको अभाव रहेको छ ।

प्रकोप हाम्रो नियति हो, प्रकोपलाई ध्यानमा राख्दै विकास गरौं, प्रकोपसँगै बाँच्न सिकौं । यस पटकको बाढी, डुबानबाट हामीले सिक्नुपर्ने कुरा यही नै हो । निश्चय पनि हामीलाई स्वतन्त्रता चाहिए जस्तै प्रकृति पनि स्वतन्त्र हुन चाहन्छिन्, स्वतन्त्र भएर नै उनी पुष्पित, पल्ववित, सिञ्चित र पोषित गर्न चाहन्छिन् । प्रकृतिको भाषा र भाका बुझ्ने प्रयत्न गरौं । निश्चय नै यसपछि हामीले यस्ता विपद्हरूको सामना गर्नु पर्दैन ।

(भूगर्भशास्त्रका अध्यता लेखक वरिष्ठ पत्रकार हुनुहुन्छ)


## सबैको जानकारीको लागि

## जीवनशैली परिबर्तन गरौ : दीर्घजीवि बनौं

**नसर्ने रोग रोकथाम तथा नियन्त्रणका उपायहरु अवलम्वन गरौं ।**

**१. धूम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन नगर्ने :**
- क्यान्सर, मुटुरोग, दीर्घ श्वासप्रश्वास अवरोध सम्बन्धी रोग, मधुमेह हुने सम्भावना बढाउने प्रमुख कारक तत्व चुरोट, बिडी, गुट्का, खैनी, ई-सिगरेट, हुक्का जस्ता सुर्तीजन्य पदार्थको सेवन नै हो।
- अरूले गरेको धूम्रपानको धुँवाले धूम्रपान नगर्ने व्यक्तिको स्वास्थ्यमा पनि खराब असर गर्छ ।
- धूम्रपान गर्ने व्यक्तिलाई हृदयघातको खतरा लगभग तीन गुणा बढी हुन्छ ।

**२. मदिराको सेवन नगर्ने :**
- रक्सी, वियर, वाइन, जाँड जस्ता मदिराको सेवन गर्दा हृदयघात, कलेजो सम्बन्धी रोग, पेट वा आन्द्रामा घाउ हुने, क्यान्सर र मानसिक असन्तुलन जस्ता समस्याहरु हुन सक्छन् ।
- मदिराको सेवनले घरेलु हिंसा, अपराध र दुर्घटनालाई बढाउँछ ।

**३. शारीरिक रूपमा सक्रिय रहने :**
- योग गर्ने, हिंड्डुल गर्ने, दौडने, साइकल चलाउने, पौडी खेल्ने आदि पसिना आउने गरी कमसेकम ३० मिनेट नियमित रूपमा व्यायाम गर्ने ।
- शरीरको तौल बढी भए घटाउने । स्वस्थ तौल कायम गरी तन्दुरूस्त रहने ।

**४. नुन र चिनीको प्रयोग कम गर्ने:**
- नुनिलो, गुलियो र चिल्लो खानेकुरा खानाले क्यान्सर, मुटुरोग र मधुमेह हुने जोखिमलाई बढाउँछ।
- खानामा नुनको प्रयोग कम गर्ने (दिनको ५ ग्राम भन्दा कम) ।
- गुलियो पेय पदार्थ, मिठाई, चकलेट जस्ता खानेकुराहरु कम खाने ।
- चिया र कफिमा चिनी कम हालेर खाने ।
- शुद्ध र सफा पानी पिउने । एक दिनमा कम्तिमा २ लिटर पानी पिउने ।

**५. सन्तुलित खाना खाने :**
- क्यान्सर, मुटुरोग, मधुमेह र दीर्घ श्वासप्रश्वास अवरोध सम्बन्धी रोग लाग्नबाट बच्न : अन्न, दाल, गेडागुडी, दुध, दही, माछा, बोसो नभएको मासु, अण्डा, हरियो सागसब्जी र फलफूल सन्तुलित मात्रामा खाने ।
- मौसमी ताजा फलफूल र सागसब्जी दैनिक प्रशस्त (४-५ पटक) खाने ।
- खानासँग नुन नहालेको सलाद नियमित खाने ।

**६. मानसिक तनाबको व्यवस्थापन गर्ने:**
- ध्यान तथा योगा गर्ने । ◆ रिसलाई नियन्त्रण गर्ने ।
- परिवार तथा साथीभाइसँग पर्याप्त मात्रामा समय बिताउने ।
- घर तथा कार्यालयमा तनाब मुक्त वातावरण सिर्जना गर्ने । ◆ घुमफिर र रमाइलो गर्ने ।

**७. उच्च रक्तचाप तथा नसर्ने रोगका अन्य जोखिमहरूलाई व्यवस्थापन गर्ने:**
- उच्च रक्तचाप भएमा नियमित जाँच र उपचार गरी नियन्त्रणमा राख्ने ।
- रगतमा चिनीको मात्रा बढेको (मधुमेह) भएमा नियमित जा"च र उपचार गरी नियन्त्रणमा राख्ने ।
- रगतमा चिल्लोपना बढेको (उच्च कालेस्ट्रेरोल) भएमा नियमित जाँच र उपचार गरी नियन्त्रणमा राख्ने।
- मोटोपना घटाइ स्वस्थ तौल (उचाइ अनुसारको तौल) कायम गर्ने ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com, www.bhanjyangnews.com



**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।



स्वस्तिका स्टेशनरी
लेमिनेसन, फोटोकपी, टाइपिङ्
फोटो खिच्ने ठाउँ
प्रो. प्रेम बहादुर आले
९८४६०९३७७७
९८१४१४९५९२
• छाप • फोटो • प्रिन्ट


# घरमै धारा पुगेपछि डोकोमा पानी बोक्ने बाध्यता हटयो

रासस/त्रिवेणी (नवलपरासी)

नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको देवचुली नगरपालिका-५ मौलाथुम्कीमा पानीको धारा घरघरमा पुगेपछि यहाँका स्थानीयको डोकोमा पानी बोक्ने बाध्यता हटेको छ । घरमा धारा नहुँदा खोला तथा घरदेखी पर रहेको ट्याङ्कीबाट पानी बोक्नुपर्ने बाध्यता थियो ।

देवचुली नगरपालिकाको पहाडी क्षेत्रअन्तर्गत पर्ने मौलाथुम्कीका भीमकुमारी लुङ्गेलीले अहिले घरमा धारामा पानी आएसँगै पहिले आफूहरूले गरेको दुःख बिर्सिएको बताउनुभयो । खोलाबाट पानी बोक्दा दिन नै बित्ने गरेकामा अहिले घरमा धारा जोडिएपछि आफूहरूको दैनिकी नै फेरिएको उहाँले बताउनुभयो ।

"घरमा एक जनाको काम नै पानी बोक्ने हुन्थ्यो, अब घरमै धारा आएपछि खेतीपाती र पशुपालनमा समय दिन सकिने भयो", उहाँले भन्नुभयो, "बल्ल डोकोमा पानी बोक्ने दिन सकिए ।"

घरमै धारा अनि चौबीसै घण्टा पानी भएपछि दैनिक काम गर्न सहज भएको स्थानीय लालमाया बरालले बताउनुभयो । पानीको सहजतासँगै घरको सरसफाइ, खेतीपाती र अन्य काममा समय दिन सहज भएको उहाँको भनाइ छ । पहिला खोलाको छेउमा तरकारी लगाउने गरेका मौलाथुम्कीवासीलाई अहिले घरघरमा तरकारीलगायत अन्य खेती गर्न सहज भएको हुनुका साथै समयको समेत बचत भएको छ ।

देवचुली नगरपालिका र वास नमूना गाउँ परियोजनाको सहयोग तथा स्थानीयको श्रमदानमा रू १५ लाख ३९ हजार लागतमा एक घर, एक धारा निर्माण गरिएको हो । स्थानीयलाई खानेपानीको समस्या भएपछि वास नमूना गाउँ परियोजनासँग सहकार्य गरी खानेपानीको विस्तार गरिएको देवचुली नगरपालिकाका प्रमुख हरिप्रसाद न्यौपानेले बताउनुभयो ।

पानीको सहजताले घरमा सबैको समय बचत भएको साथै कृषि तथा पशुपालन सहयोग पुगेको मौलाथुम्की खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष गिरिप्रसाद बरालले बताउनुभयो । "पहिला नगरपालिकाले सानो खानेपानी ट्याङ्की बनाएको थियो, गाउँका सबैले त्यहाँबाट डोकामा पानी बोक्नुपर्ने बाध्यता थियो", उहाँले भन्नुभयो । अहिले सबैको घरमा तरकारी उत्पादन भएपछि तरकारी किनेर खानुपर्ने बाध्यता पनि हटेको छ ।

देवचुली नगरपालिका र वास नमूना गाउँ परियोजनाको साझेदारीमा मौलाथुम्कीमा खानेपानी तथा सरसफाइ अभियान सञ्चालन गरिएको परियोजनाका व्यवस्थापक प्रवीण घिमिरेले बताउनुभयो । परियोजनाले देवचुली-५ र ६ मा ग्रामीण खानेपानी स्तरोन्नतिसँगै समुदायमा सरसफाइसम्बन्धी अभियान सञ्चालन गर्दै आएको छ ।


**शुभबिवाह, ब्रतवन्ध तथा साँस्कृतिक कार्यक्रम**
- भिडियोग्राफी
- फोटोग्राफी
- वृत्तचित्र निर्माण



**B.B.MEDIA PVT.LTD.**
TANAHUN, DAMAULI
Contact Us
9846245044 | 9804185859



## बीमितले सेवा लिन आउँदा ध्यान दिनुपर्ने कुराहरू

- बीमाको सेवा लिन आँउदा अनिवार्य रूपमा परिचयपत्र लिएर आउने
- बिरामी नपरी अनावश्यक चेकजाँच र औषधी लिनको लागि दबाव दिनुहुदैंन ।
- ३ महिनाको Capping Period भएकोले सेवा लिइसकेपछि (औषधी, फार्मेसी र अन्य) यो अवधि भित्र बीमामा सोही समस्याको उपचार नहुने व्यवस्था छ ।
- प्रथम सेवा बिन्दुबाट प्रेषण (Refer) भएर आउँदा अनिवार्य रूपमा प्रेषण (Refer) कागज लिएर आउनु पर्दछ ।
- दमौली अस्तालमा उपलब्ध सेवाका लागि प्रेषण लिएर जान नमिल्ने तर डाक्टरको सिफारिसमा प्रेषण (Refer) लिएर जानु पर्दछ ।
- बीमाको सेवा लिएको रकमबाट १० प्रतिशत सहभुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।
- नेपाल सरकारले उपलब्ध गराएको वा बीमामा उपलब्ध हुने सेवाहरू बाहेक बीमितले रकम बुझाउनुपर्ने व्यवस्था छ ।
- बीमाको म्याद सकिएको यकिन गर्ने र समयमा नै नविकरण गर्ने
- भीड व्यवस्थापन गर्न प्रेषणको लागि सकेसम्म बिहान ९ बजे भन्दा अगाडि वा २ बजे र ४ बजे आउने ।

**थप जानकारीका लागि बीमा सेवा कक्षमा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

अनुरोधक
**दमौली अस्पताल**
दमौली, तनहुँ


## Bandipur Rural Municipality

Office of the Rural Municipal Executive
Bandipur, Tanahun
Gandaki Province, Nepal

### Invitation for Electronic Bids

**Second Date of Publication: 2081/07/26 (11-11-2024)**

1. The Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur ,Tanahun, invites sealed quotations from registered Suppliers for the Procurement and Supply of Free Medicine and Surgical Items.

| S.N. | Contract ID No. | Name of Project | Estimated Amount Without VAT With PS | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | BRMH/SQ/GOODS/01/2081/082 | Procurement and Supply of Free Medicine and Surgical Items | N/A | 55,500.00/- (Validity 75 days) | 1000/- | 26-11-2024, 12:00 | 26-11-2024, 13:00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Bandipur Rural Municipality, Office of Rural Municipal Executive,Bandipur Tanahun or PPMO'S website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८१ कात्तिक २६, सोमबार
November 11, 2024



**रूम्सी गाउँ :** तनहुँको व्यास नगरपालिका-१४ स्थित पर्यटकीय रूम्सी गाउँ । व्यास नगरपालिकाले गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा यस ठाउँलाई नमूना गाउँ घोषणा गरेको छ । यहाँ २८ घरमा होमस्टे सञ्चालित छ ।

*तस्बिर : कृष्ण न्यौपाने/रासस*

# कालीकोटमा जिप दुर्घटना, ६ जनाको मृत्यु

**रासस**/कालीकोट

कालीकोटको पलाँता गाउँपालिका-३ राडुनेटा नजिकै जिप दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको छ । कर्णाली प्रदेश ००१ ज ५६ नम्बरको जिप दुर्घटनामा परेको हो ।

दुर्घटनामा ज्यान गुमाएकाको पहिचान खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रहरी नायव उपरीक्षक टेकबहादुर रावतले जानकारी दिनुभयो । दुर्घटनामा गम्भीर घाइते भएका सात यात्रुको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ ।

घाइतेहरूलाई उपचारका लागि कर्णाली प्रदेश अस्पताल सुर्खेत लगिएको उहाँले बताउनुभयो ।




# म्याग्दीको ग्रामीण भेगमा कोदोखेती विस्तार

**रासस**/म्याग्दी

केही वर्षअघिसम्म गाउँलेको खान्की भनेर हेपिएको कोदो हिजोआज सहरबजारका गन्यमान्यले पनि खोज्न थालेपछि जिल्लाका ग्रामीण भेगमा कोदोखेती विस्तार भएको छ ।

सहरबजारबाट कोदो खोज्दै गाडी लिएर व्यापारी गाउँगाउँमा नै आउन थालेपछि पश्चिम म्याग्दीका मालिका, मङ्गला र धवलागिरि गाउँपालिकामा कोदोखेती थालिएको हो । कोदो टिप्न नपाउँदै व्यापारी घरघरमा आएर अग्रिम रूपमा पेश्की दिएर जान थालेका मालिका गाउँपालिका-२ का किसान रणबहादुर शिर्पालीले बताउनुभयो ।

मालिका गाउँपालिका-६ का उपल्लो दरबाङ, दिच्याम गाउँमा जताततै कोदो लगाइएको छ । यहाँका स्थानीयले गत वर्ष दुई सय मुरीभन्दा बढी कोदो उत्पादन गरेकामा यस वर्ष साढे तीन सय मुरी कोदो उत्पादन गर्ने लक्ष्यका साथ कोदोखेती विस्तार गरेका दिच्यामका वीरबहादुर विकले बताउनुभयो । गत वर्षको भन्दा एक सय २० रोपनी बढी जग्गामा यस वर्ष कोदोखेती विस्तार गरिएको उहाँले बताउनुभयो ।

"सहरमा कोदोको माग उच्च छ, गाउँमा आˆनो बारी बाँझै रहन्थ्यो, यस वर्ष कोदो रोप्ने समयमा बजारबाट गाउँ फर्किएर खेताला (कृषि मजदुर) खोजी दुई दिन लगाई कोदो रोपैँ, सात-आठ मुरी जति कोदो फल्ने अनुमान छ", धवलागिरि गाउँपालिका-२ की शोभा पुनले भन्नुभयो ।

पोषणविज्ञहरूका अनुसार कोदोमा प्रशस्तमात्रामा क्याल्सियम, म्याग्नेसियम, फस्फोरस, म्यागनिज, भिटामिन बी, टिप्टोफेन, फाइबर, एन्टिअक्सिडेन्टलगायत तत्व पाइन्छ । तौल घटाउन, मुटुसम्बन्धी रोग नियन्त्रण गर्न, हाड बलियो बनाउन, स्वस्थ पेट बनाउन पनि कोदोलाई उपयुक्त मानिन्छ ।

कृषि ज्ञान केन्द्रका अनुसार यो वर्ष म्याग्दीमा कोदोको उत्पादन बढ्ने भएको छ । गत वर्षको तुलनामा शून्य दशमलव ६५ प्रतिशतले उत्पादन बढ्ने केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले बताउनुभयो । अनुकूल मौसम, रोग कीराको समस्या नभएको र रासायनिक मलको आपूर्ति सहज हुँदा कोदो उत्पादन बढ्ने उहाँले बताउनुभयो । गत वर्ष म्याग्दीमा दुई हजार दुई सय ५० मेट्रिक टन कोदो उत्पादन भएको थियो ।

एक नगरपालिका र पाँचवटा गाउँपालिका रहेको म्याग्दीको ३० हजार आठ सय ५६ हेक्टर खेतीयोग्य जमिन रहेकामा त्यसमध्ये जम्मा १९ हजार चार सय ९८ हेक्टरमा मात्र खेती गरिएको छ ।

# पाँच जिल्ला...

खाद्य ऐन, नियम उल्लङ्घन कसुरमा तीनवटा मुद्दा दर्ता गरिएको प्रमुख आचार्यले बताउनुभयो ।

व्यास नगरपालिका-३ शान्तिनगरस्थित भाडाको घरमा कार्यालय सञ्चालनमा छ । पाँच जिल्ला कार्यक्षेत्र भएको कार्यालयमा कर्मचारी सङ्ख्या भने न्यून हुँदा सेवा प्रवाहमा समस्या भइरहेको उहाँले बताउनुभयो । कर्मचारी अभावकै बीचमा पनि कार्यालयले बजार अनुगमनलाई निरन्तरता दिइरहेको उहाँले बताउनुभयो । "कर्मचारी अभावले बजार अनुगमनमा असर पुगिरहेको छ", प्रमुख आचार्यले भन्नुभयो, "भइरहेकै कर्मचारीबाट बजार अनुगमन, नमूना सङ्कलन, मुद्दाका अनुसन्धानको काम भइरहेको छ ।"

कृषि तथा पशुपक्षी विकास मन्त्रालयमातहतको कार्यालयले खाद्य ऐन तथा दाना ऐन कार्यान्वयनमार्फत खाद्य शृङ्खलामा खाद्य स्वच्छता कायम गरी सर्वसाधारण जनताको सुख सुविधा कायम गर्ने उद्देश्य राखिएको छ । विसं २०७५ कात्तिक १५ गते जिल्लामा डिभिजन कार्यालय स्थापना भएको थियो ।


## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

### स्वास्थ्य परीक्षण सम्बन्धी सूचना

**विशेषज्ञ चिकित्सकहरूको समय तालिका**

**प्रत्येक दिन :**
१) **डा. सञ्जय अधिकारी** (मेडिकल अफिसर)द्वारा विरामीको जाँच

**पहिलो हप्ता शुक्रबार :**
१) **प्रो.डा. ध्रुवराज अधिकारी** (वरिष्ठ न्यूरो सर्जन तथा नशा रोग विशेषज्ञा, काठमाडौं विर अस्पताल र विनायक अस्पताल)
२) **डा. मुरारी ढुङ्गाना** (वरिष्ठ फिजिसियन तथा मुटुरोग विशेषज्ञ, गंगालाल हस्पिटल, बाँसबारी काठमाडौं)

**पहिलो हप्ता शनिबार :**
१) **प्रो.डा. तिर्थलाल उपाध्याय** (वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) तथा इण्डोक्राइनोलोजिष्ट विशेषज्ञ, पोखरा गण्डकी मेडिकल कलेज तथा थाइरोइड उपचार केन्द्र पोखरा)
२) **डा. अञ्जली सुवेदी** (वरिष्ठ सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ, मणिपाल हस्पिटल र मेडिप्लस हस्पिटल पोखरा)
३) **डा. सवनम आचार्य** (वरिष्ठ रेडियोलोजिष्ट विशेषज्ञ, मणिपाल हस्पिटल पोखरा)

**तेश्रो हप्ता शनिबार**
१) **डा. सुदर्शन सुवेदी** (वरिष्ठ फिजिसियन, पेट मुटु, छाती, दम तथा ग्याष्ट्रिक रोग विशेषज्ञ, आर्मी हस्पिटल पोखरा र पद्म नर्सिङ्ग होम पोखरा)

**चौथो हप्ता शनिबार**
१) **प्रो.डा. विनम्र बस्नेत** (वरिष्ठ यौन, छाला, तथा कुष्टरोग विशेषज्ञ, मणिपाल हस्पिटल+ओम हस्पिटल पोखरा)
२) **प्रो.डा. जय बहादुर खत्री** (वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ, मणिपाल हस्पिटल+फेवासिटी हस्पिटल पोखरा)

**हाम्रा उपलब्ध सेवाहरू**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीया फार्मेसी सेवा

**सम्पर्क : व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**



## श्री रत्नहरि मेमोरियल अस्पतालको सूचना

*यस अस्पतालको १४औं स्थापना दिवसको अवसरमा यस अस्पतालका चिकित्सकः*
- *डा. रामकुमार श्रेष्ठ (जनरल फिजिसियन)*
- *डा. रमेश घिमिरे (एनेस्थेसियोलोजिस्ट)*
- *डा. भविन्य श्रेष्ठ ( बालरोग विशेषज्ञ)*
- *डा. किशोर थापा (हाडजोर्नी तथा नशा रोग विशेषज्ञ)*
- *डा. प्रदिप थापा (मेडिकल अफिसर)*
- *डा. प्रदिप थापा (मेडिकल अफिसर)*

*द्धारा निःशुल्क स्वास्थ्य परिक्षण ।*

*नारायणी सामुदायिक अस्पतालका वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा. भक्तमान श्रेष्ठद्धारा मिति २०८१ कार्त्तिक २८ गते बिहान ९ बजे क्यान्सर रोग सम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन हुने जानकारी गराउँदछौ ।*

***नोटः ल्याब, भिडियो x-ray र x-ray मा २० प्रतिशत छुट फार्मेसीमा ५ प्रतिशत छुटको व्यवस्था छ । दन्त सेवामा ३० प्रतिशत छुटको व्यवस्था रहेको छ ।***

***मिति २०८१ कार्त्तिक २८ गते र २९ गते ।***
***समयः बिहान ८ बजेदेखि बेलुका ६ बजेसम्म***
***स्थानः व्यास-४ भोर्लेटारचोक दमौली तनहुँ***

*बिस्तृत जानकारीको लागि*

**श्री रत्नहरि मेमोरियल अस्पताल**
**व्यास-४, भोर्लेटारचोक, दमौली, तनहुँ**
**फोन नं.०६५-५६३१०२, ९८४९२१६५४९**


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४